# ४ हल्का मोटर गाडी कर

## (१) हल्का मोटर गाडी कर तिर्ने विदेशी (कर भुक्तान दायित्ववाला)

हल्का मोटर गाडी कर, हरेक वर्ष अप्रिल १ तारिखमै फुकुओका नगर भित्र प्रमुख पार्किङ स्थल भएको मोटर साइकल वा स्कुटर, हल्का मोटर गाडी, साना विशेष खालका मोटर गाडीका साथै दुई पाङ्ग्रे साना मोटर गाडी (यस खालका गाडीलाई "हल्का मोटर गाडी आदि" भनिन्छ) भएकाहरूले तिर्नुपर्ने हुन्छ।

**＊ अप्रिल १ तारिख भन्दा पछि नामसारी गरेको भए पनि, अप्रिल १ तारिखकै स्वामित्ववालाले कर तिर्नुपर्ने हुन्छ।**

## (२) हल्का मोटर गाडी करको कर दर

हल्का मोटर गाडी करको कर दर, हल्का मोटर गाडीको किसिम तथा फाल्ने धुवाँको परिमाण अनुसार, यसप्रकार तोकिएको छ।

<table>
<tr><th colspan="5">गाडीको किसिम तथा फाल्ने धुवाँको परिमाणको भिन्नता</th><th>कर दर</th></tr>
<tr><td rowspan="4">मोटर साइकल वा स्कुटर</td><td colspan="4">५० सि सि वा सो भन्दा कम</td><td>२,०००यन</td></tr>
<tr><td rowspan="2">दुई पाङ्ग्रे</td><td colspan="3">५० सि सि भन्दा बढी ९० सि सि वा सो भन्दा कम</td><td>२,०००यन</td></tr>
<tr><td colspan="3">९० सि सि भन्दा बढी १२५ सि सि वा सो भन्दा कम</td><td>२,४००यन</td></tr>
<tr><td colspan="4">तीन पाङ्ग्रे वा सो भन्दा ठूलो (मिनि कार)</td><td>३,७००यन</td></tr>
<tr><td rowspan="22">हल्का मोटर</td><td>दुई पाङ्ग्रे</td><td colspan="3">१२५ सि सि भन्दा बढी २५० सि सि व सो भन्दा कम</td><td>३,६००यन</td></tr>
<tr><td rowspan="6">तीन पाङ्ग्रे</td><td rowspan="6">६६० सि सि वा सो भन्दा कम</td><td colspan="2">हेइसेइ २७ साल मार्च ३१ तारिख भन्दा अगाडि प्रथम परिक्षण गराएका गाडी</td><td>३,१००यन</td></tr>
<tr><td colspan="2">हेइसेइ २७ साल अप्रिल १ तारिख भन्दा अगाडि प्रथम परिक्षण गराएका गाडी ＊२</td><td>३,९००यन</td></tr>
<tr><td colspan="2">१३ बर्ष अगाडि प्रथम परिक्षण गराएका गाडी</td><td>४,६००यन</td></tr>
<tr><td rowspan="3">रेइवा ३ साल अप्रिल १ तारिखदेखि रेइवा ५ साल मार्च ३१ तारिखसम्ममा प्रथम परीक्षण गराएको गाडी, जसमा एक निश्चित वातावरणीय क्षमता छ भने ＊१</td><td>बिजुलीबाट चल्ने हल्का गाडी<br>प्राकृतिक ग्यासबाट चल्ने गाडी</td><td>१,०००यन</td></tr>
<tr><td rowspan="2">पेट्रोल कार, हाइब्रिड कार ＊ २<br>(व्यवसायमा प्रयोग हुने सवारी गाडी मात्र)</td><td>२,०००यन</td></tr>
<tr><td>३,०००यन</td></tr>
<tr><td rowspan="15">चार पाङ्ग्रे ६६० सि सि वा सो भन्दा कम</td><td rowspan="6">सवारी गाडी (व्यवसायका लागि)</td><td colspan="2">हेइसेइ २७ साल अप्रिल ३१ तारिख भन्दा अगाडि प्रथम परिक्षण गराएका गाडी</td><td>५,५००यन</td></tr>
<tr><td colspan="2">हेइसेइ २७ साल अप्रिल १ तारिख भन्दा पछि प्रथम परिक्षण गराएका गाडी ＊२</td><td>६,९००यन</td></tr>
<tr><td colspan="2">१३ बर्ष अगाडि प्रथम परिक्षण गराएका गाडी</td><td>८,२००यन</td></tr>
<tr><td rowspan="3">रेइवा ३ साल अप्रिल १ तारिखदेखि रेइवा ५ साल मार्च ३१ तारिखसम्ममा प्रथम परीक्षण गराएको गाडी, जसमा एक निश्चित वातावरणीय क्षमता छ भने ＊१</td><td>बिजुलीबाट चल्ने हल्का गाडी<br>प्राकृतिक ग्यासबाट चल्ने गाडी</td><td>१,८००यन</td></tr>
<tr><td rowspan="2">पेट्रोल गाडी, हाइब्रिड गाडी＊ २<br>(व्यवसायमा प्रयोग हुने सवारी गाडी मात्र)</td><td>३,५००यन</td></tr>
<tr><td>५,२००यन</td></tr>
<tr><td rowspan="6">सवारी गाडी (व्यक्तिगत प्रयोगका लागि)</td><td colspan="2">हेइसेइ २७ साल मार्च ३१ तारिख भन्दा अगाडि प्रथम परिक्षण गराएका गाडी</td><td>७,२००यन</td></tr>
<tr><td colspan="2">हेइसेइ २७ साल अप्रिल १ तारिख भन्दा पछि प्रथम परिक्षण गराएका गाडी ＊२</td><td>१०,८००यन</td></tr>
<tr><td colspan="2">१३ बर्ष अगाडि प्रथम परिक्षण गराएका गाडी</td><td>१२,९००यन</td></tr>
<tr><td rowspan="3">रेइवा ३ साल अप्रिल १ तारिखदेखि रेइवा ५ साल मार्च ३१ तारिखसम्ममा प्रथम परीक्षण गराएको गाडी, जसमा एक निश्चित वातावरणीय क्षमता छ भने ＊१</td><td>बिजुलीबाट चल्ने हल्का गाडी<br>प्राकृतिक ग्यासबाट चल्ने हल्का गाडी</td><td>२,७००यन</td></tr>
<tr><td rowspan="2">पेट्रोल कार<br>हाइब्रिड कार</td><td>५,४००यन</td></tr>
<tr><td>८,१००यन</td></tr>
<tr><td rowspan="3">ढ्वानी गाडी (व्यवसायका लागि)</td><td colspan="2">हेइसेइ २७ साल मार्च ३१ तारिख भन्दा अगाडि प्रथम परिक्षण गराएका गाडी</td><td>३,०००यन</td></tr>
<tr><td colspan="2">हेइसेइ २७ साल अप्रिल १ तारिख भन्दा पछि प्रथम परिक्षण गराएका गाडी ＊२</td><td>३,८००यन</td></tr>
<tr><td colspan="2">१३ बर्ष अगाडी प्रथम परिक्षण गराएका गाडी</td><td>४,५००यन</td></tr>
</table>

| गाडीका किसिम तथा फाल्ने धुवाँका परिमाणको भिन्नता | | | | | कर दर |
|---|---|---|---|---|---|
| हल्का मोटर गाडी | चार पाङ्ग्रे ६६० सि सि वा सो भन्दा कम | ढ्वानी गाडी (व्यवसायका लागि) | रेइवा ३ साल अप्रिल १ तारिखदेखि रेइवा ५ साल मार्च ३१ तारिखसम्ममा प्रथम परीक्षण गराएको गाडी, जसमा एक निश्चित वातावरणीय क्षमता छ भने ＊१ | बिज्लीबाट चल्ने हल्का गाडी<br>प्राकृतिक ग्यासबाट चल्ने हल्का गाडी | १,०००यन |
| | | | | पेट्रोल कार<br>हाइब्रिड कार | १,९००यन |
| | | | | | २,९००यन |
| | | ढ्वानी गाडी (व्यक्तिगत प्रयोगका लागि) | हेइसेइ २७ साल मार्च ३१ तारिखभन्दा अगाडि प्रथम परिक्षण गराएका गाडी | | ४,०००यन |
| | | | हेइसेइ २७ साल अप्रिल १ तारिखभन्दा पछि प्रथम परिक्षण गराएका गाडी ＊२ | | ५,०००यन |
| | | | १३ वर्ष अगाडि प्रथम परिक्षण गराएका गाडी | | ६,०००यन |
| | | | रेइवा ३ साल अप्रिल १ तारिखदेखि रेइवा ५ साल मार्च ३१ तारिखसम्ममा प्रथम परीक्षण गराएको गाडी, जसमा एक निश्चित वातावरणीय क्षमता छ भने ＊१ | बिज्लीबाट चल्ने हल्का गाडी<br>प्राकृतिक ग्यासबाट चल्ने हल्का गाडी | १,३००यन |
| | | | | पेट्रोल कार<br>हाइब्रिड कार | २,५००यन |
| | | | | | ३,८००यन |
| साना विशेष खालका गाडी | खनजोत गर्नका लागि | | | | २,४००यन |
| | अन्य | | | | ५,९००यन |
| दुइ पाङ्ग्रे साना विशेष खालका गाडी | | २५० सि सि भन्दा बढी | | | ६,०००यन |

＊१ प्रथम वर्ष मात्रको कर दर (दोस्रो बर्ष उप्रान्त ＊ २ को कर दर) ＊२ वातावरणीय क्षमता अनुसार करको दर फरक पर्छ।

## (३) हल्का मोटर गाडी करको निवेदन

निम्न लिखित अवस्थामा हल्का मोटर गाडीसँग सम्बन्धित निवेदन दिनु आवश्यक छ।

- हल्का मोटर गाडीको खरिदी वा कसैबाट सित्तैमा प्राप्त गरेको अवस्थामा
- गाडी फाल्ने, बेच्ने, कसैलाइ दिने वा चोरीमा परी गुमाउन पुगेमा
- तपाईंको ठेगाना अथवा हल्का मोटर गाडी आदिको निश्चित पार्किङ स्थल परिवर्तन गरेको खण्डमा



निवेदन दिने स्थान निम्न अनुसार छ।

- मोटर साइकल वा स्कुटर (१२५ सि सि भन्दा कम) वा साना खालका विशेष गाडी
  फुकुओका नगर भित्रको वडा कार्यालय कर भुक्तान विभाग नियन्त्रक (पृष्ठ १० देखि १२ हेर्नुहोस्)
- हल्का सवारी साधन (तीन पाङ्ग्रे / चार पाङ्ग्रे)
  (जनरल इनकर्पोरेटिभ लिमिटेड)
  अखिल हल्का मोटर गाडी संघ सङ्गठन फुकुओका कार्यालय
  ठेगाना: हिगासी वार्ड हाकोजाकी फुतो २-२-५१
  फोन: ०९२-६४१-०४३१
- दुई पाङ्ग्रे हल्का मोटरगाडी दुई पाङ्ग्रे सानो खालको मोटरगाडी
  राष्ट्रव्यापी हल्का सवारी साधन सहकारी महासङ्घ, फुकुओका कार्यालय, चिहाया कक्ष
  ठेगाना: हिगासी वार्ड चिहाया ३-१०-४०
  फोन: ०९२-६४१-०४३१ (फुकुओका कार्यालयको मेन टेलिफोन लाइन)

## (४) कर भुक्तान म्याद तथा कर भुक्तान तरिका

हल्का मोटर गाडी कर, वडा कार्यालयबाट पठाइएको कर भुक्तान सूचना पत्र (नोफुस्यो) प्रयोग गरी भुक्तान म्याद सम्ममा बैंक आदि वित्तीय संस्थामा अथवा कन्भिनियन्ट स्टोरआदिद्वारा कर भुक्तान गर्नुपर्ने छ।

| भुक्तान म्यादको महिना | मे महिना |
|---|---|

＊ मसान्तमा भुक्तान म्याद खतम हुन्छ। यदि म्यादको अन्तिम दिन शनिवार, आइतवार वा सार्वजनिक बिदामा म्यादको अन्तिम दिन परेमा, त्यसको भोलिपल्ट म्याद खतम हुनेछ।

फुकुओका नगर बाहिर बसाइँ सरि जाने वा जापानबाट बाहिर जाने भएमा, अनिवार्य रूपमा निवेदन प्रक्रिया गरि हल्का मोटर गाडीकोकर रकम भुक्तान गरि सक्नुहोस्।